# नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## आर्थिक वर्ष २०७९/८० को प्रथम एवम् दोस्रो त्रैमासिक प्रगति समीक्षा र मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) बैठक

मिति : २०७९ चैत्र ५ गते

राजेन्द्र कुमार के.सी.
सहसचिव
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# प्रस्तुतीकरणको खाका

- मन्त्रालय र अन्तर्गतका निकायहरुको बजेट र खर्चको स्थिति
- पन्ध्रौं योजनाको नतिजा सूचकहरूको प्रगति
- कार्यक्रम तथा आयोजनाहरुको समग्र प्रगति स्थिति
- राष्ट्रिय गौरवका र अन्य आयोजनाहरुको आयोजनागत प्रगति
- मन्त्रालयको समष्टिगत प्रगतिको सारांश
- गुनासो एवम् बेरुजूको स्थिति
- नीति तथा कार्यक्रम र बजेट वक्तव्यको कार्यान्वयन प्रगति
- मन्त्रालयको क्षेत्रगत प्रमुख उपलब्धिहरू
- अघिल्लो MDAC निर्णयको कार्य प्रगति

# आर्थिक वर्ष २०७९/८० दोस्रो त्रैमासिकसम्मको खर्च स्थिति

| खर्च शीर्षक | बजेट रू लाखमा | | खर्च प्रतिशत |
|---|---|---|---|
| | वार्षिक विनियोजन | खर्च | |
| चालु | ३०६४७.५२ | १००२३.४४ | ३२.७१ |
| पूँजीगत | ३८१०४.०० | ५०५६.९८ | १३.२७ |
| वित्तीय | १२२४५३.०० | ३८०३.२५ | ३.११ |
| **जम्मा** | **१९१२०४.५२** | **१८८८३.६७** | **९.८७** |

**विनियोजन रू : १९ अर्ब १२ करोड ४ लाख**

**खर्च रू : १ अर्ब ८८ करोड ८३ लाख**

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७९/८० को लक्ष्य | आ.व. २०७८/७९ को प्रगति | आ.व.२०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|---|
| १. उच्च र समतामूलक राष्ट्रिय आय | ३५. पर्यटनमा विदेशी मुद्रा आर्जन | अमेरिकी डलर (करोडमा) | २४७.८ | २५.५२ | २१.६१ |
| ३. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता | १६. आन्तरिक हवाई यातायात प्रयोग गर्ने यात्रु | संख्या (लाखमा) | ४१.६९ | ३५.७६ | ६२.४४ (सन् २०२२) |
| | १७. अन्तर्राष्ट्रिय हवाई यातायात प्रयोग गर्ने यात्रु | संख्या (लाखमा) | ६३.७४ | १४.५६ | १९.७ |

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७९/८० को लक्ष्य | आ.व. २०७८/७९ को प्रगति | आ.व. २०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|---|
| ३. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता | ३२.द्विपक्षीय हवाई सम्झौता भएका मुलुक | संख्या | ४४ | ४१ | ४१ (बहुपक्षीय-१ सहित) |
| | ३३.अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विमानस्थल | संख्या | ३ | २ | ३ |
| | ३४.आन्तरिक विमानस्थलको स्तरोन्नति | संख्या | ४१ | ३७ | ३७ |

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७९/८० को लक्ष्य | आ.व. २०७८/७९ को प्रगति | आ.व. २०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|---|
| ४.उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २.अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ८.५ | १.६५ | १.६५ |
| | २८.विदेशी पर्यटक आगमन | संख्या (लाखमा) | २९.५० | १.५(२०२० को भन्दा ३४.३% ले घटेको) | ३.७३ |
| | २९. विदेशी पर्यटकको औसत बसाई | दिन | १४.४ | १५.५ | १५.५ |
| | ३०.प्रति पर्यटक खर्च (प्रति दिन) | अमेरिकी डलर | ८५ | ४८ | ४८ |

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७९/८० को लक्ष्य | आ.व. २०७८/७९ को प्रगति | आ.व. २०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|---|
| ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ६३. नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट | संख्या (लाखमा) | १४० | ८० | ८७ |
| | ३१. पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना | संख्या (हजारमा) | ८३ | २ | १.३ |

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७९/८० को लक्ष्य | आ.व. २०७८/७९ सम्मको प्रगति | आ.व.२०७९/८० दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|---|
| ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ६४. पर्यटन स्तरको होटल बेड | | | | |
| | ५ तारे होटल | होटल संख्या | २६ | १८ | १८ |
| | | बेड संख्या | ५३०० | ४३४५ | ४३४५ |
| | १-४ तारे होटल | होटल संख्या | २५० | १५० | १५५ |
| | | बेड संख्या | २१२५० | १११०९ | ११४२६ |
| | हेरिटेज एवम् बुटिक होटल र रिसोर्ट | होटल संख्या | - | १२१ | १२३ |
| | | बेड संख्या | - | ४७५६ | ५२८९ |
| | अन्य होटल | होटल संख्या | १९९७ | प्रदेशमा हस्तान्तरण भएको। | |
| | | बेड संख्या | ५९९१० | | |
| | होमस्टे र क्षमता | संख्या | ४४९ | | |
| | | बेड संख्या | १८०५ | | |

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७९/८० को लक्ष्य | आ.व. २०७८/७९ को प्रगति | आ.व. २०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|---|
| ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ६५. पदमार्ग | कि.मि. | ९४१ | २०० (ग्रेट हिमालयन ट्रेल सहित) | ९० (ग्रेट हिमालयन ट्रेल सहित) |
| | ६६. पहिचान तथा विकास भएका पर्यटकीय गन्तव्यस्थल | संख्या | २२६ | ७ प्रदेशमा गन्तव्यमा दोस्रो चरणको निर्माण कार्य भइरहेको, ७ वटै प्रदेशमा हिल स्टेशनको रुपमा नयाँ पर्यटकीय गन्तव्य पहिचान र सम्भाव्यता अध्ययन भइ भौतिक निर्माणको काम शुरु, १८१ स्थानीय तहसँगको साझेदारीमा १८१ वटा पर्यटकीय गन्तव्यमा पूर्वाधार विकासका लागि साझेदारी कार्यक्रम अगाडी बढाइएको। | स्थानीय तहसँगको साझेदारीमा सञ्चालित पर्यटन पूर्वाधार साझेदारी कार्यक्रमहरूमध्ये हालसम्म १२ वटा योजना सम्पन्न भएको र ११३ वटा स्थानीय तहहरूमा कार्यप्रगतिका आधारमा रकम निकासा गरिएको। |
| | ६७. पर्यटन क्षेत्रमा उत्पादित दक्ष जनशक्ति | जना | १५६९० | ५७७- नेपाल पर्यटन बोर्ड<br>६५१- तारागाउँ विकास समिति<br>३१७- नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान<br>७५२- नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान<br>जम्मा – २२९७ | २२०- नेपाल पर्यटन बोर्ड<br>२४०-तारागाउँ विकास समिति<br>४७२-नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान<br>७२६-नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान<br>**जम्मा –१६५८** |

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७९/८० को लक्ष्य | आ.व. २०७८/७९ को प्रगति | आ.व. २०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|---|
| ५. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | २७. साँस्कृतिक सम्पदाको डिजिटाइजेसन | संख्या | २५००० | ६५००० | ६०००० |
| | २८. प्रतिलिपि अधिकार संरक्षण | संख्या | २६५० | २६४ | ७९ |

# पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रमहरुको दोस्रो त्रैमासिकसम्मको प्रगति

| सि.नं. | आयोजना/कार्यक्रम | विनियोजित बजेट | प्रगति (%) | | प्रगति कम हुनका कारणहरु |
|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | |
| १ | पुरातात्विक स्थल संरक्षण आयोजना | ६ करोड ४८ लाख | ८३.९६ | ५४.५३ | |
| २ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ९ लाख | ८५.८४ | ५३.१८ | |
| ३ | नेपाल नागरिक उड्डयन प्राधिकरण | ४५ करोड ९० लाख | ५०.४१ | ६.५२ | दोस्रो त्रैमासिकसम्ममा लक्ष्य अनुरूप भौतिक प्रगति भए तापनि खर्च नहुने कार्यहरू जस्तै बोलपत्र आह्वान, निर्माण कार्य शुरू, प्रारम्भिक अधिकारी तोक्ने, साइट क्लियरेन्स (महेन्द्रनगर विमानस्थल) जस्ता कार्यहरू सम्पादन गरिएकाले वित्तीय प्रगति कम देखिएको। |
| ४ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | २६ करोड २८ लाख | ९५.०९ | ३४.०५ | |

# पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रमहरुको दोस्रो त्रैमासिकसम्मको प्रगति

| सि.नं. | आयोजना/कार्यक्रम | विनियोजित बजेट | प्रगति (%) | | प्रगति कम हुनका कारणहरु |
|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | |
| ५ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | १ अर्ब १० करोड | ९९ | ८२.३३ | *(मिति २०७९/९/१७ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट विमानस्थलको समुद्घाटन भएको)* |
| ६ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, बारा | ७ करोड | ० | २.५७ | सम्मानीत सर्वोच्च अदालतको फैसला बमोजिम नेपाल सरकार समक्ष विज्ञ समुहबाट प्रतिवेदन पेश भएकोमा सो सम्बन्धमा निर्णय प्राप्ति भए पश्चात कार्यप्रक्रिया अगाडि बढाउन सकिने। |
| ७ | पशुपति क्षेत्र विकास कोष | १२ करोड ८२ लाख | ६५ | ४७.४ | दक्ष प्राविधिक जनशक्तिको अभाव र पुरातात्त्विक निर्माण सामाग्री समयमा उपलब्ध नभएको। |
| ८ | लुम्बिनी विकास कोष | ३४ करोड ५५ लाख | ६०.४१ | ४५.६९ | लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरु, भवन, स्युरेज, ड्रेनेज, सडक, रिभर डाइभर्सन, ल्याण्डस्केप एण्ड ब्युटिफिकेशन, नहर लगायतका कार्यहरुको दोस्रो फेजको बोलपत्र आव्हान भएकोमा चालु आर्थिक वर्षको लागि बजेट अभाव हुने देखिएको। |


# दोस्रो प्राथमिकता प्राप्त (P2) कार्यक्रमहरुको दोस्रो त्रैमासिकसम्मको प्रगति

| सि. नं. | आयोजना/कार्यक्रम | विनियोजित बजेट | प्रगति (%) | | प्रगति कम हुनका कारणहरु |
|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | |
| १ | हवाइ यातायात क्षमता अभिवृद्धि आयोजना (व.शि.नं. ५०१२५१०२) | १५ करोड | ३५ | ३५ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा माटो ढुवानीमा समस्या रहेको। |
| २ | हवाई सुरक्षा तथा हवाई व्यवस्थापन कार्यक्रम | ४७ लाख | २५ | १३.२१ | • केही कार्यक्रमहरूको भुक्तानी प्रक्रियामा रहेकाले वित्तीय प्रगति कम भएको। |
| ३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १० करोड १७ लाख | ४८ | १६.२० | कार्यान्वयन प्रक्रियामा रहेकाले उल्लेख प्रगति हुन नसकेको। |
| ४ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | २ अर्ब २० करोड | १०० | ९८ | आयोजना मार्च ३१, २०२२ मा सम्पन्न भई अक्टोबर ३१, २०२२ मा Financial Closure समेत भएको। |

# कार्यक्रम तथा आयोजनाहरुको समग्र भौतिक प्रगति स्थिति

| प्राथमिकता | ८०% भन्दा माथि प्रगति भएका | ५०% देखि ८०% सम्म प्रगति भएका | ५०% भन्दा कम प्रगति भएका | जम्मा |
|---|---|---|---|---|
| पहिलो प्राथमिकता प्राप्त (P1) आयोजना | ४ | ३ | १ | ८ |
| दोस्रो प्राथमिकता प्राप्त (P2) आयोजना | १ | ० | ३ | ४ |
| जम्मा | ५ | ३ | ४ | १२ |

# राष्ट्रिय गौरवका आयोजनाहरुको हालसम्मको भौतिक तथा वित्तीय प्रगति प्रतिशतमा



# मन्त्रालय र मातहतका निकायहरुको प्रगति

| सि.नं. | आयोजना/कार्यक्रम | विनियोजित बजेट | प्रगति (%) | | प्रगति कम हुनका कारणहरु |
|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | |
| १ | संस्कृति, पर्यटन तथा नागरिक उ. मन्त्रालय | ४ करोड १९ लाख | ४९ | ३४.०६ | |
| २ | पर्यटन विभाग | ८ करोड ७६ लाख | ९३.४३ | ५८.७० | |
| ३ | पुरातत्त्व विभाग | १६ करोड ४४ लाख | ९१.७१ | ७१.१९ | |
| ४ | राष्ट्रिय अभिलेखालय | १ करोड १७ लाख | ९७.४७ | ८७ | |
| ५ | राष्ट्रिय संग्रहालय | १ करोड १४ लाख | ७४ | ६८ | |
| ६ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | ६७ लाख | ४० | ४०.०८ | |
| ७ | नेपाल प्रज्ञा प्रतिष्ठान | ६ करोड २६ लाख | ७४.७४ | १०० | |
| ८ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | २ करोड २० लाख | ९४.९२ | ४५.५९ | |
| ९ | नेपाल संङ्गित तथा नाट्य प्रज्ञा प्रतिष्ठान | २ करोड ६४ लाख | ८२.६२ | ८८.७८ | |
| १० | सांस्कृतिक संस्थान | ६० लाख | ७५ | ८६ | |
| ११ | नारायणहिटी दरबार संग्रहालय | ४ करोड ६६ लाख | ८८.९० | ८७.२९ | |

# मन्त्रालय र मातहतका निकायहरुको प्रगति

| सि.नं. | आयोजना/कार्यक्रम | विनियोजित बजेट | प्रगति (%) | | प्रगति कम हुनका कारणहरु |
|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | |
| १२ | भाषा आयोग | २ करोड १२ लाख | ६५.७६ | ६०.५७ | |
| १३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | १ करोड ७८ लाख | ६६.६७ | ६४ | |
| १४ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | १ करोड ६ लाख | ५३.३३ | ५३.३३ | |
| १५ | नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | २ करोड १ लाख | ८४.०७ | ४४.५४ | |
| १६ | क्षेत्रीय संग्रहालयहरु(कपिलवस्तु) | ३० लाख | ९५ | ९२.४६ | |
| १७ | जातीय संग्रहालय (गोरखा, मुद्रा र धातुकला संग्रहालय) | १ करोड ११ लाख | ९१ | ८२.७७ | |
| १८ | ऐतिहासिक दरवारहरु (गोरखा, हनुमानढोका, नुवाकोट र पाटन दरवार) | ३ करोड ७६ लाख | ८९ | ८४.६८ | |
| १९ | राष्ट्रिय कला संग्रहालय भक्तपुर | १ करोड १२ लाख | ४६.०४ | ५७.५० | |
| २० | स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालय भक्तपुर | ५४ लाख | ८० | ७३ | |
| २१ | तारागाउँ विकास समिति | १ करोड ६९ लाख | ८२.३३ | ८२.३३ | |

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समष्टिगत प्रगति सारांश

| सि. नं. | कार्यक्रम तथा आयोजना | २०७७/७८ सम्मको अवस्था | २०७८/७९ को सम्मको प्रगति | २०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|
| १. | प्रति पर्यटक प्रतिदिन खर्च (डलर) | ६५ | ४८ (२०२१) | ४८ (२०२१) |
| २. | प्रति पर्यटक औसत बसाई (दिन) | १५.१ | १५.५(२०२१) | १५.५(२०२१) |
| ३. | सासेक-हवाई यातायात क्षमता अभिवृद्धि आयोजना, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (T2) तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नति (प्रतिशत) | - | - | २.५५ |
| ४. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (प्रतिशत) | ८१ | ९८ | ९९ |
| ५. | सम्पदा पुनःनिर्माण (संख्या) | ५८९ | ६७३ | ६९९ |
| ६. | पर्यटक आगमन (जना) | २,३०,०८५ (सन् २०२०) | १,५०,९६२ (सन् २०२१) | ६,१४,८६९ (सन् २०२२) |
| ७. | सञ्चालनमा रहेका विमानस्थल (वटा) | ३५ | ३२ | ३० |

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समष्टिगत प्रगति सारांश

| सि.नं. | कार्यक्रम तथा आयोजना | २०७७/७८ को सम्मको अवस्था | २०७८/७९ को सम्मको प्रगति | २०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रगति |
|---|---|---|---|---|
| ८. | बर्षैंभरि सञ्चालन योग्य विमानस्थल (वटा) | ३७ | ३७ | ३७ |
| ९. | रात्रीकालीन उडान सञ्चालनमा आएका विमानस्थल (वटा) | ८ | ८ | ९ |
| १०. | नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (वटा) | २७ | २२ (२०२१) | २९ |
| ११. | पर्यटकस्तरका होटल (संख्या) | १३१३ | २८९ | ७ |
| १२. | निर्मित नयाँ पदमार्गको लम्बाई (GHT समेत) (कि.मी.) | २२८ | २०० | ९० |

# आर्थिक वर्ष २०७९/८० दोस्रो त्रैमासिकसम्मको वेरूजु फछ्यौट प्रगति विवरण

(रु. हजारमा)

| सि.नं. | कार्यालय | आर्थिक वर्ष २०७९/८० मा फर्छ्यौट गर्नुपर्ने वेरूजु | वेरूजु फर्छ्यौट सम्परीक्षण गर्नका लागि म.ले.प.मा पेश | कैफियत |
|---|---|---|---|---|
| १. | सरकारी कार्यालयतर्फ | १५१००६४ | १७७३३९ | |
| २. | समितितर्फ | २००४४२४ | १४०३२१ | |

# वेरूजु फछ्र्योंटमा देखिएका समस्या

**सरकारीतर्फ-**

१. बेरुजु रकम १ अर्व ५१ करोड मध्ये पर्यटन विभागको क्यासिनो इजाजत नविकरणतर्फ असूल गर्न बाँकी बेरुजु ७४ करोड ४९ लाख मध्ये ५४ करोड वेरुजु फछ्र्योंटको कारवाही नगर्न सर्वोच्च अदालतबाट आदेश भएको छ।

२. साबिकका पर्यटन कार्यालयहरू-७ वटाको फछ्र्योंट गर्न बाँकी वेरुजु ५ करोड ३० लाख प्रदेशमा हस्तान्तरण भएकोले र सक्कल श्रेष्ताहरुको अभावमा बेरुजु फछ्र्योंट गर्न बाधा पुगेको।

३. पुरातत्व विभागको ६ करोड वेरूजु सार्वजनिक लेखा समितिमा समयमा बेरुजु छलफल नभएकाले फछ्र्योंट हुन नसकेको।

४. पुरातत्व विभाग अन्तर्गतका ३ वटा संग्रहालयहरु प्रदेशमा हस्तान्तरण भएकाले बेरुजु रकम रु ५७ लाख सक्कल श्रेष्ताहरु नभएकोले बेरुजु फछ्र्योंट हुन नसकेको।

५. महालेखा परिक्षकमा सम्परीक्षण गर्नका लागि कागजात पेश भएतापनि हालसम्म पनि बेरुजु फछ्र्योंट हुन नसकेको।

**समितिहरुतर्फ-**

१. कूल बेरुजु २ अर्बमध्ये १ अर्ब १८ करोड पशुपति क्षेत्र विकास कोषको रहेकोमा ७० करोडको सुनको जलप लगाएको मन्त्रालयमा फिर्ता पठाउनु पर्ने रकम सुन खरीदमा रकम खर्च गरेकोले उक्त रकम फछ्र्योंट गर्न पटक पटक पत्राचार गर्दा पनि फछ्र्योंट हुन नसकेको।

२. केही समितिहरु स्थानीय र प्रदेशमा हस्तान्तरण भएकाले पुराना फछ्र्योंट हुन बाँकी बेरुजु रू ४ करोड ४३ लाखको सक्कल बिल भरपाई नरहेकोले वेरुजु फछ्र्योंट हुन नसकेको।

३. बेरूजु सम्परीक्षण गर्नका लागि म.ले.प.मा कागजात पेश भएतापनि हालसम्म पनि वेरुजु फछ्र्योंट हुन सकिरहेको छैन।

# २०७९ श्रावणदेखि २०७९ पुस मसान्तसम्मको गुनासो व्यवस्थापनको स्थिति

| निकाय | जम्मा गुनासो | फछ्यौंट संख्या | फछ्यौंट प्रतिशत |
|---|---|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ११९ | ६० | ५०.४२ |
| राष्ट्रिय सतर्कता केन्द्र | ६ | ३ | ५० |
| हेलो सरकार र अन्य | ८ | १ | १२.५ |
| जम्मा | १३३ | ६४ | ४८.१२ |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
| --- | --- | --- |
| नीति- ५२<br>बजेट-९० | प्रदेश र स्थानीय तहसँग लागत साझेदारीमा कार्यविधि बमोजिम पर्यटकीय गन्तव्य पूर्वाधार विकास | • यस आर्थिक वर्षमा विनियोजित ९० करोड २९ लाख रकम मध्ये रु ९०,२८,४७,८४४।- (अक्षरेपी नब्बे करोड अठाइस लाख सतचालिस हजार आठ सय चौवालिस मात्र) रकम सम्बन्धित स्थानीय तहमा निकासा भएको र दायित्व बाँकी रकम अर्थ मन्त्रालयमा माग गरी पठाइएको।<br>• २५ वटा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारीमा सञ्चालनमा रहेका योजनाहरुको अनुगमन भएको। |
| नीति- ५२<br>बजेट-९० | नारायणी नदी छेउमा walkway सहितको पर्यटकीय पुर्वाधार निर्माण कार्य जारी राखे क्रमागत चितवन | • पुस महिनासम्म ७० प्रतिशत कार्य भएको र निर्माण कार्य जारी । |
| | लाकुरि भन्ज्याङ्ग फुल्चोकी गुर्दुमडाडां महाभारत ट्रेल ७० कि.मि. निर्माण कार्य जारी राखे क्रमागत काभ्रे सिन्धुली। | • पुस महिना सम्म ८ कि.मी कार्य भएको र निर्माण कार्य जारी। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-५२<br>बजेट-९० | मुक्तिनाथ क्षेत्रमा Rescue Center तथा Master Plan बमोजिमका अन्य पर्यटकिय पुर्वाधार निर्माण कार्य जारी राख्ने क्रमागत । | • Frame Structure को कार्य सम्पन्न भइ प्लास्टरिङ्गको कार्य भइरहेको। |
| | मुस्ताङ्गको लोमाङ्गथाङ्गमा एकिकृत पर्यटकीय सेवा केन्द्रको DPR तयार गरि ठेक्का आवहान तथा २०% निर्माण कार्य सम्पन्न गर्ने। | • DPR को मस्यौदा तयार भएको। |
| | खस्पड क्षेत्रमा एकिकृत पर्यटकीय सेवा केन्द्रको DPR तयार गरि ठेक्का आवहान तथा २०% निर्माण कार्य सम्पन्न गर्ने। | • DPR तयारी कार्यका लागि TOR तयार भएको। |
| नीति- ५२<br>बजेट-९० | पोखरा वरिपरिको अन्नपुर्णमा राउण्ड ट्रेल निर्माण कार्य जारी राख्ने क्रमागत। | • ३ कि.मी. निर्माण कार्य भएको तथा निर्माण कार्य जारी। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-५३<br>बजेट-९१ | GHT अन्तरगतका पदमार्ग तथा बिश्राम स्थल निर्माण कार्य जारि राख्ने क्रमागत (कन्चनजङ्गा / मकालुवरुण/ मेरिपिक/ मन्सालु/ सगरमाथा हेरिटेज/ हेलम्बु लाङ्गटाङ्ग / खारेच्छो रोल्पा/ टासि लाप्चापास/ रुविसभ्याली गणेश हिमाल / दुधपोखरि / जुगल हिमाल/ धौलागिरि राउण्ड / धौलागिरि आइसफल / डोल्पा सेफोस्कुण्डो यार्सा/ अन्नपुर्ण निलगिरि / भैरव कुणड पांचपोखरि / गोसाइकूण्ड/ अपि हिमाल/ माछापुच्छ्रे मार्दि हिमाल / हेलम्बु ग्रेट ट्रेल / माथील्लो मुस्ताङ्ग ट्रेल / दामोदर कुण्ड ट्रेल / च्यो हिमाल / शिकलेश कपुचे क्षेत्र) | मकालुवरुण ८ कि.मी./मन्सालु ७ कि.मि/सगरमाथा हेरिटेज ७ कि.मि/ टासि लाप्चापास ३ कि.मि/रुवी भ्याली गणेश हिमाल ११ कि.मि/जुगल हिमाल ७ कि.मि/धौलागिरी राउण्ड धौलागिरी आइसफल ९ कि.मि/भैरवकुण्ड पाँचपोखरी २१ कि.मि/अपि हिमाल ५ कि.मि/माछापुच्छ्रे मार्दि हिमाल ५ कि.मी./दामोदर कुण्ड ट्रेल ७ कि.मी. समेत ९० कि.मी. पदमार्ग निर्माण गरिएको। |
| नीति-५३<br>बजेट-९१ | GHT अन्तर्गत ५०० कि.मि. DPR तयार गर्ने। | • TOR तयार भई सुचना प्रकाशनको प्रकृयामा रहेको। |
| | अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी राष्ट्रिय सूचीकरण प्रणाली स्थापना गर्ने | • National designated intangible cultural heritage सम्बन्धी निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार भएको। |
| नीति-५३ | राष्ट्रिय संस्कृति नीति, २०७९ तयार गर्ने । | • संस्कृति नीतिको मस्यौदा उपर सरोकारवाला निकाय/संस्कृतिविद् र प्रदेशस्तरीय अन्तरक्रियाबाट प्राप्त राय/सुझावहरु समेत समावेश गरी नीतिलाइ अन्तिम रुप दिने कार्य भइरहेको। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-५४ | लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरु, भवन, स्युरेज, ड्रेनेज, सडक, रिभर डाइभर्सन, ल्याण्डस्केप एण्ड व्युटिफिकेशन, नहर लगायतका कार्यहरुको निर्माण चालु रहने | • गुरुयोजनाका बाँकी कार्य मध्ये पहिलो फेजमा ४ वटा ठेक्का मार्फत सञ्चालित कार्यहरुको औसत ४५ प्रतिशत प्रगति हासिल भएको छ। |
| नीति-५४ | लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरु, भवन, स्युरेज, ड्रेनेज, सडक, रिभर डाइभर्सन, ल्याण्डस्केप एण्ड व्युटिफिकेशन, नहर लगायतका कार्यहरुको निर्माण शुरु गरिने | • लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरु, भवन, स्युरेज, ड्रेनेज, सडक, रिभर डाइभर्सन, ल्याण्डस्केप एण्ड व्युटिफिकेशन, नहर लगायतका कार्यहरुको दोस्रो फेजको बोलपत्र आव्हान भएकोमा चालु आर्थिक वर्षको लागि बजेट अभाव हुने देखिएको। |
| नीति-५४ | गौरीघाटस्थित चौघेरा सत्तल संरक्षण | • गौरीघाटस्थित चौघेरा सत्तलको तेस्रो तलाको संरक्षण कार्य २५% सम्पन्न भएको। |
| नीति-५४ | गोरखनाथ क्षेत्रको गाईगोठ संरक्षण कार्य | • पुरातत्त्व विभागबाट सूचना प्रकाशन भएको। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-५४ | विश्वरुपा मन्दिर संरक्षण कार्य | • विज्ञको राय अनुसार जगको उत्खनन् गर्ने कार्य गरी भौतिक अवस्थाको अध्ययन गरी जग खन्ने कार्य सम्पन्न। |
| नीति-५४ | पशुपति क्षेत्रमा रंगरोगन लगायत मर्मत कार्य | • बोलपत्र आव्हान भएको। |
| नीति-५४ | दर्शनमार्ग (आर्यघाट-सुर्यघाट -गौरीघाट) को सम्भाव्यता तथा विस्तृत इन्जिनियरिंग अध्ययन कार्य | • परामर्श लिने कार्य भएको। |
| नीति-५४ | गुरुयोजनालाई अन्तिम रुप दिन प्राविधिक प्रतिबेदन तयार गरी पेश गर्ने । | • संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट गठित प्राविधिक समितिले पेश गरेको प्रतिवेदन् मिति २०७९/९/८ को कोष सञ्चालक परिषदको वैठकमा छलफल भई पारित भएको र सो गुरुयोजनालाई नेपाल सरकार मन्त्रिपरिषदमा स्वीकृतिका लागि पठाउने कार्य अन्तिम चरणमा रहेको। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
| --- | --- | --- |
| नीति-५५<br>बजेट-८९ | कपिलवस्तु तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्ने आधारहरु तयार गरी प्रारम्भिक नोमिनेशन डोसिएर तयार गर्ने | • Integrated Management plan (IMP) तयार गर्नका लागि TOR र लागत अनुमान तयार भएको।<br>• Nomination Dossier तयार गर्न अन्तराष्ट्रिय सम्पदा विज्ञ प्रो. मार्शल डंकनसँग सम्झौता भई कार्यप्रारम्भ भएको। |
| नीति-५५<br>बजेट-८९ | बृहत्तर लुम्बिनी क्षेत्रको गुरुयोजना निर्माण, तिलौराकोट पुरातात्विक क्षेत्रलाई विश्वसम्पदा सूचिमा सूचिकृत गर्न वैज्ञानिक अध्ययन, नोमिनेशन डकुमेन्ट तयार गर्ने | • बृहत्तर लुम्बिनी क्षेत्रमध्ये तिलौराकोटको नयाँ सिमाङ्कन भइसकेकोले यस अघि तयार भएको गुरुयोजनाको अवधारणा अनुसार डिटेल गुरुयोजना निर्माण गर्न लागत अनुमान तयार भइरहेको छ ।<br>• तिलौराकोटको गुरुयोजना तथा तिलौराकोटदेखि वाणगंगा खोला हुँदै सग्रहवासम्म जाने रिभर फ्रन्ट डेभलपमेन्ट प्लान तथा सग्रहवालाई पिस मेमोरियल पार्कको रुपमा गुरुयोजना तयारी भइरहेको। |
| नीति-५५<br>बजेट-८९ | कपिलबस्तु तिलौराकोटको उचित संरक्षणको लागि आवश्यक जग्गा अधिग्रहण गर्ने | • जग्गा खरिद कार्यका लागि मुअब्जा दिन मालपोत र नापी कार्यालयसँग समन्वय भइरहेको। |
| नीति-५५<br>बजेट-८९ | भुकम्पबाट क्षति भएका सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा पुननिर्माण कार्य ९० प्रतिशत सम्पन्न गर्ने। | • भुकम्पपछिको साँस्कृतिक सम्पदा पुननिर्माणतर्फ २१ वटा बहुवर्षीय मध्ये ११ वटाको पुननिर्माण कार्य सम्पन्न भएको र सालबसालीतर्फ ११ वटा कार्यक्रमहरूमध्ये ४ वटा सम्पन्न भएको। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-५५<br>बजेट-८९ | भुकम्पबाट क्षति भएका साँस्कृतिक सम्पदाहरु मध्ये ९१ वटा सम्पदाहरुको निर्माण कार्य शुरु गर्ने। | • ४ वटा सम्पन्न,<br>• ६४ वटाको खरिद प्रक्रिया सम्पन्न,<br>• १५ वटा खरिद प्रक्रियामा रहेको,<br>• विविध कारणबाट कार्य सञ्चालन हुन नसकेको ८ वटा रहेको। |
| नीति-५५<br>बजेट-८९ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट हस्तान्तरण भई आएका १०० वर्ष पुराना २१३ वटा गुम्वाहरुको संरक्षण तथा पुनर्निर्माण कार्य शुरु गर्ने। | • २६ वटा गुम्वा मध्ये ५ वटा गुम्वाको स्वीकृत बहुवर्षिय खरिद योजना अनुसार कार्य भईरहेको,<br>• १८ वटाको सूचना प्रकाशन गरिएको,<br>• २ वटा कार्य गर्न नपर्ने,<br>• १ वटा सूचना प्रकाशनको क्रममा रहेको। |
| नीति-५५<br>बजेट-८९ | राष्ट्रिय महत्वको अभिलेख संरक्षण एवम व्यवस्थापन गर्ने । | • माइक्रोफिल्म स्क्यान - ६००० ग्रन्थका १७५००० पन्ना Digitization भएको।<br>• १९५८ देखि २०७९ सम्मका पञ्चाङ्ग १६००० पन्ना Digitization भएको।<br>• भूमी सम्बन्धी ताडपत्र (Roll Palm Leaf) Digitization - ४५० वटा<br>• दुर्लभ पुस्तकहरुको Digitization – २०५३१ पन्ना<br>• भूमी सम्बन्धी ताडपत्र (Roll Palm Leaf) संरक्षण - १०८४ वटा<br>• शिलालेखका उतारहरुको संरक्षण– १० थान |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-५६ | वायुसेवा कम्पनीहरुलाई इजाजत प्रदान गर्ने, नवीकरण लगायतका कार्यहरुमा ICT को प्रयोग गर्न सफ्टवेयर खरीद गर्ने | • RFP, ToR र Cost Estimation तयार भई स्वीकृत हुने चरणमा रहेको । |
| नीति-५६ | राष्ट्रिय हवाई नीति, २०७९ | • सरोकारवालाहरुसँग छलफलको चरणमा रहेको। |
| नीति-५६<br>बजेट-१०१ | नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन र नेपाल हवाई सेवा प्राधिकरण ऐन जारी भए पश्चात प्राधिकरणको पुनःसंरचना गरी सेवा प्रदायक र नियामकको रुपमा छुट्टाछुट्टै निकाय स्थापना गरिने । | • संघीय संसदमा विधेयक पेश भएको तर पारित हुन नसकेको।<br>*(नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७९ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७९ लाई पुनः रायका लागि अर्थ मन्त्रालयमा पठाइएको)* |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-५७ बजेट-९८ | निजगढ विमानस्थलको लगानी एवं निर्माणको ढाँचा तयार गर्ने | • सर्वोच्च अदालतबाट विमानस्थल निर्माण सम्बन्धमा रिट नं. ०७६-WO-०२२३ र ०७६-WO-००४८० दायर भई सो उपर अदालतबाट परमादेश जारी भएको। सो पश्चात मन्त्रिपरिषद्बाट मिति २०७९/४/२६ को निर्णयानुसार गठित विज्ञ समूहद्वारा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसम्बन्धी प्रतिवेदन मिति २०७९/६/२ मा सम्माननीय प्र.म.समक्ष पेश भएको। |
| नीति-५७ बजेट-९८ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको Construction of Road from Cargo Building to Apron | • Rehabilitation of parallel taxiway, apron along with construction of road, bridge and other associated works at Bhairahawa, Rupandehi. कार्यका लागि बोलपत्र आव्हान भइ मिति २०७९।१०।११ गते सम्म बोलपत्र दाखिला गर्ने अन्तिम म्याद रहेको। |
| नीति-५७ बजेट-९८ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा Perimeter Road निर्माण गर्ने। | • Rehabilitation of parallel taxiway, apron along with construction of road, bridge and other associated works at Bhairahawa, Rupandehi. कार्यका लागि बोलपत्र आव्हान भइ मिति २०७९।१०।११ गते सम्म बोलपत्र दाखिला गर्ने अन्तिम म्याद रहेको। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-५७<br>बजेट-९८ | भैरहवा विमानस्थलको पुरानो Runway लाई Rehabilitation गरी नयाँ Parallel Taxiway निर्माण | • Rehabilitation of parallel taxiway, apron along with construction of road, bridge and other associated works at Bhairahawa, Rupandehi. कार्यका लागि बोलपत्र आव्हान भइ मिति २०७९।१०।११ गते सम्म बोलपत्र दाखिला गर्ने अन्तिम म्याद रहेको। |
| नीति-५७<br>बजेट-९८ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा Surveillance System (Radar) जडान | • बजेट व्यवस्था नभएको । |
| नीति-५७<br>बजेट-९८ | पोखरा विमानस्थलको निर्माण (Engineering Design, General Work, Insurance, Earthwork, Building) | • आयोजनाको हालसम्मको समष्टिगत भौतिक प्रगति ९९% र यस पौष महिनाको समष्टिगत प्रगति ०.५% रहेको। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-५७<br>बजेट-९८ | पोखरा विमानस्थल अन्तर्गत रिठ्ठेपानी डाँडा कटान र विमानस्थल संचालन | • रिठ्ठेपानी डाँडा तथा रुख कटान कार्यको Contract Agreement भइ करीब ५० प्रतिशत कार्य भएको। |
| नीति-५७ | भरतपुर विमानस्थलमा सुविधाजनक टर्मिनल निर्माण गर्ने कार्य सुरु गरिनेछ । | • Design तथा estimate तयार भई Tender आव्हान गरिएको। |
| नीति-५७ | नेपालगञ्ज विमानस्थलमा सुविधाजनक टर्मिनल निर्माण गर्ने कार्य सुरु गरिनेछ । | • बोलपत्र आह्वान गर्ने कार्य सम्पन्न भएको । |
| नीति-५७ | विराटनगर विमानस्थलमा सुविधाजनक टर्मिनल निर्माण गर्ने कार्य सुरु गरिनेछ । | • ठेक्काको प्राविधिक पक्षको मुल्याङ्कन सम्पन्न गरी आर्थिक प्रस्ताव खोल्न आव्हान गरिएको। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| बजेट-९९ | त्रिभुवन विमानस्थलको स्तरोन्नति गर्ने (ट्याक्सी वे, ह्याङ्गर र एप्रोन निर्माण) | • ह्याङगर निर्माणको २० प्रतिशत कार्य सम्पन्न गर्नु पर्नेमा निर्माण ब्यबसायी Mobilize भइसकेको ।<br>• एप्रोन निर्माणको ३५ प्रतिशत कार्य मध्ये हालसम्म १२% कार्य सम्पन्न भएको ।<br>• OCB-01 ट्याक्सी वे विस्तार कार्यको Retender भएकोमा Bid Evaluation कार्य सम्पन्न भई Notice of intention for Award प्रकाशित भइ OCB-01 ट्याक्सी वे विस्तार कार्यको ठेक्का सम्झौता भएको। |
| बजेट-९९ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दोस्रो टर्मिनल भवन निर्माण | • बैदेशिक ऋणदाता संस्था ADB बाट Design को Peer Review सम्बन्धी कार्य भइरहेको । |
| बजेट-१०० | धनगढी विमानस्थलको सम्भाव्यता अध्ययन | • धनगढी विमानस्थलको सम्भाव्यता अध्ययनको draft report तयारी कार्य भइरहेको। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
| --- | --- | --- |
| बजेट-१०० | सुर्खेतको भेरीगङ्गा रामघाट नयाँ प्रादेशिक विमानस्थल निर्माण गर्न सुरु गरिनेछ । | • Detail Feasibility Study तयार भएको।<br>• TOR Scoping Report स्वीकृतिको लागि मन्त्रालयमा पेश भएको । |
| बजेट-८६ | पर्यटन सम्बद्ध द्विपक्षीय अन्तराष्ट्रिय सम्झौताको कार्यान्वयन | अवधारणापत्र तयारीको कार्य भइरहेको। |
| बजेट-८६ | पर्यटन सम्वद्ध निकाय तथा निजी क्षेत्रहरुसँग दिगो पर्यटन विकास सम्बन्धमा अन्तरक्रिया तथा छलफल | कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा गण्डकी प्रदेश र लुम्बिनी प्रदेश स्थित पर्यटन मन्त्रालयहरुसँग कार्यक्रम सञ्चालन गर्न छलफल भइरहेको। |
| बजेट-८६ | UNWTO को साझेदारीमा सार्कस्तरीय पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना | कार्यक्रम आयोजनाको लागि तयारी कार्य भइरहेको। |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| बजेट-९४ | दश पर्यटकीय गन्तब्यमा Free WIFI र Digital Information Display स्थापना तथा संचालन | अवधारणापत्र तयार भई कार्यक्रम कार्यान्वयनको सन्दर्भमा स्थान छनौटको लागि पर्यटन बोर्डको समन्वयमा एक प्राविधिक समिति गठन भई कार्यप्रारम्भ भएको। |
| बजेट-९६ | देशभरी रहेका कलावास्तुकलाका नमूना र देशको बहुआयामिक क्षेत्रहरुमा विशिष्ट योगदान पुऱ्याएका राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वहरुको मूर्ति तयार गरी प्रतिमूर्ति संग्रहालयको रुपमा विकास गर्ने । | गुरुयोजना तयारी कार्यको लागि TOR तयार भइसकेको तर गुरुयोजना तयारका लागि बजेट व्यवस्थापन नभएकोले सोका लागि बजेट माग गरिएको । |
| - | विभिन्न श्रष्टाहरुको नाममा स्थापना भएका पुरस्कार वितरण | वी.पी कोइराला राष्ट्रिय पुरस्कार र पुष्पलाल राष्ट्रिय पुरस्कार सूचना प्रकाशन गर्न स्वीकृत भइ सूचना प्रकाशन गर्ने प्रकृयामा रहेको, ५ वटा पुरस्कार वितरण सम्बन्धी कार्यविधि तयारी कार्य भइरहेको र बाँकीको सूचना प्रकाशनको तयारीमा रहेको। |
| - | विभिन्न प्रतिष्ठानहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधी निर्माण एवम् अनुदान वितरण | अनुदान वितरण सम्बन्धी कार्यविधि स्वीकृत भई सम्बन्धित प्रतिष्ठानहरुलाई अनुदान रकम वितरण कार्य भएको। |

# आर्थिक वर्ष २०७९/८० को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यको प्रगति

- कूल माइलस्टोन संख्या - ११७
- सम्पन्न हुनुपर्ने माइलस्टोन संख्या - ६०
- सम्पन्न माइलस्टोन संख्या - १२
- कार्यान्वयन भई रहेका माइलस्टोन संख्या - ४६
- कार्यान्वयन हुन नसकेका माइलस्टोन संख्या - २

# कार्यप्रारम्भ नभएका माइलस्टोनहरू

| क.सं. | कार्यान्वयन नभएका माइलस्टोनहरु | कार्यान्वयन नहुनुका कारण |
|---|---|---|
| १ | नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन र नेपाल हवाई सेवा प्राधिकरण ऐन जारी भए पश्चात प्राधिकरणको पुन:संरचना गरी सेवा प्रदायक र नियामकको रुपमा छुट्टाछुट्टै निकाय स्थापना गरिने। | संघीय संसदमा विधेयक पेश भएको तर पारित हुन नसकेको।<br>*(हाल नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७९ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७९ लाई पुन: रायका लागि अर्थ मन्त्रालयमा पठाइएको)* |
| २ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा Surveillance System (Radar) जडान गर्ने। | बजेट व्यवस्था नभएको। |

# क्षेत्रगत प्रमुख उपलब्धिहरू

## पर्यटन

- सगरमाथा आरोहीलाई ब्याज तथा परिचयपत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।
- सदभावना दुत सम्बन्धी कार्यविधि बमोजिम ९ जना पर्यटन सद्भावना दुतहरु नियुक्त गरिएको।
- क्यासिनो नियमावली, २०७० संशोधनको लागि अर्थ र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायको लागि पठाइएको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा क्यासिनो व्यवसायीलाई जारी गरिएको निर्देशन, २०७६ समय सापेक्ष पहिलो संशोधन गरिएको।
- खुम्बु आइसफलको बाटो निर्माण सम्बन्धी कार्यविधि, २०७९ मस्यौदा तयार भएको।
- कोभिड १९ महामारीका कारण पर्यटन क्षेत्रमा परेको असरलाई कम गरी पर्यटन क्षेत्रको विकास एवम् प्रवर्द्धनका लागि नेपालको पर्यटन क्षेत्र पुनरुत्थान कार्ययोजना, २०७९ स्वीकृत भएको। कार्ययोजना कार्यान्वयनमा सम्बद्ध जिम्मेवार निकायहरुसँग समय समयमा प्रगति माग गरी कार्ययोजना कार्यान्वयनमा ल्याइएको।

# क्षेत्रगत प्रमुख उपलब्धिहरू

## पर्यटन

- नेपाल भ्रमण दशक २०२३-३२ मनाउन मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति समेत प्राप्त भएको छ। नेपाल भ्रमण दशक २०२३-२०३२ कार्ययोजना तर्जुमा कार्यदल गठन भइ कार्य अघि बढेको।
- मिति २०७९ असोज ११ गते तद्नुसार २७ सेप्टेम्बर २०२२ मा ४३ औं विश्व पर्यटन दिवस मनाईएको।
- देशमा रहेका २६ मध्ये ११ वटा क्यासिनोहरुको अनुगमन गरिएको।२ वटा नयाँ क्यासिनोहरुलाई सञ्चालन गर्न अनुमति प्रदान गरिएको।
- नेपाल पर्यटन बोर्डसँग सम्बन्धित कानून अध्ययन कार्यदल, २०७९ गठन गरिएको।
- पर्वतारोहण संघले व्यवस्थापन गर्ने हिमालहरुको रोयल्टी सम्बन्धमा अध्ययन तथा सुझाव समिति गठन भई कार्य अघि बढेको ।
- काठमाडौं उपत्यकाका प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुमा Hop On Hop off City Bus सञ्चालन गर्ने सम्बन्धमा Trial Ride गरिएको।
- कालीगण्डकीको क्षेत्रबाट दुई थान शिला जनकपुरलाई प्रदान गर्ने सम्बन्धी विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश भई निर्णय भएको।

# क्षेत्रगत प्रमुख उपलब्धिहरू

**पर्यटन**

- हुसुरे डाँडाको नाम परिवर्तन गरी Bahrain Peak नामाकरण गर्ने सम्बन्धमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको।
- पर्यटन पूर्वाधार तथा पर्यटन उपज साझेदारी कार्यक्रम प्रदेश र स्थानीयतहसँगको लागत साझेदारी कार्यक्रमहरूको लागि यस आर्थिक वर्षमा विनियोजित ९० करोड २९ लाख रकम मध्ये रु ९०,२८,४७,८४४।- (अक्षरेपी नब्बे करोड अठाइस लाख सतचालिस हजार अठ सय चौवालिस मात्र) रकम निकासा भएको र दायित्व बाँकी रकम अर्थ मन्त्रालयमा माग गरी पठाइएको।
- पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारीमा सञ्चालनमा रहेका २५ वटा योजनाहरुको अनुगमन कार्य गरिएको।
- मन्त्रालय अन्तर्गतका विभिन्न समिति र प्रतिष्ठानमा पदाधिकारीहरुको नियुक्ति सम्बन्धी कार्य गरिएको।

# क्षेत्रगत प्रमुख उपलब्धिहरू

## नागरिक उड्डयन

- हवाई नीति, २०७९ को मस्यौदा तयार भइ अन्तिम स्वरुप दिन छलफल भइरहेको।
- नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७९ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७९ लाई पुनः रायका लागि अर्थ मन्त्रालयमा पठाइएको।
- हवाई सेवा व्यवस्थापन नियमावली, २०७९ को मस्यौदा तयार भई स्वीकृतिका लागि मन्त्रिपरिषद् पठाउने प्रकृया अगाडि बढाइएको।
- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट औल्याइएका कमी कमजोरीलाई अन्त्य गर्न गैह्र सैनिक हवाई दुर्घटना जांच नियमावली, २०७९ को मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
- इन्डोनेशियासँग हवाई सेवा सम्झौता गर्न सम्झौताको मस्यौदा तयार गरी परराष्ट्र मन्त्रालयमा पत्राचारका लागि पठाइएको।
- रूवाण्डा र स्वीजरल्याण्डसँग हवाई सेवा सम्झौता गर्न सम्बन्धित मन्त्रालयबाट राय प्राप्त भई कार्य अगाडि बढाइएको।

# क्षेत्रगत प्रमुख उपलब्धिहरू

## नागरिक उड्डयन

- माननीय मन्त्रीज्यूको नेतृत्वमा नेपालको तर्फबाट अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको ४१औं महासभामा सहभागिता जनाइएको।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धी सम्मानित सर्वोच्च अदालतवाट जारी परमादेश बमोजिम  विज्ञ समूह गठन भई सो विमानस्थल निर्माण सम्बन्धी प्रतिवेदन प्राप्त भएको। प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रिपरिषद्मा पठाइएको।
- हवाई यातायात सम्बन्धी दायित्व र बीमा सम्बन्धी विधेयक २०७९ को मस्यौदा तयार गरी स्वीकृतिका लागि प्रकृया अगाडि बढाइएको।
- तारा एयरको 9N-AET दुर्घटना जाँच अन्तिम चरणमा रहेको।

# क्षेत्रगत प्रमुख उपलब्धिहरू

**संस्कृति**

- महाकवि लक्ष्मी प्रसाद देवकोटा पुरस्कार, भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार, वि.पि. कोइराला राष्ट्रिय पुरस्कार, गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कार, पुष्पलाल राष्ट्रिय पुरस्कारहरु वितरणको लागि आवेदन एवम् सिफारिसका लागि राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन भई प्राप्त निवेदनहरू संकलन कार्य गरिएको।
- मिति २०७९ असोज ३१ गते तद्नुसार अक्टोबर १७, २०२२ का दिन ICH (Intangible Cultural Heritage Day) दिवसका अवसरमा नेपाल टेलिभिजनमा Talk Program सञ्चालन गरिएको।
- आदिकवि भानुभक्त राष्ट्रिय पुरस्कार, युगकवि सिद्धिचरण राष्ट्रिय पुरस्कार, योगमाया राष्ट्रिय पुरस्कार र सत्यमोहन जोशी राष्ट्रिय पुरस्कार वितरण सम्बन्धी कार्यविधि तयार गरिएको।
- अमुर्त सांस्कृतिक सम्पदा सम्बन्धी ऐनको मस्यौदा तयारी कार्य अगाडि बढाइएको।
- अमुर्त सांस्कृतिक सम्पदा सम्बन्धी राष्ट्रिय सूची (National Designated Intangible Cultural Heritage) सम्बन्धी निर्देशिका, २०७९ को मस्यौदा तयार गरिएको।

# क्षेत्रगत प्रमुख उपलब्धिहरू

**संस्कृति**

- साँस्कृतिक सम्पदा सम्बन्धी कार्यक्रम संचालन गर्ने सम्बन्धी मापदण्ड निर्माणको प्रकृया अघि बढाइएको।
- अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी साझेदार संस्थाहरूको सूचीकरणका लागि सूचना आह्वान भई हालसम्म ४५ वटा संस्थाहरू सूचीकृत हुन आएको।
- युनेस्को लगायत अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जम्मा तीनवटा संस्थाहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन सम्पन्न भएको।
- विभिन्न विशिष्ट व्यक्तित्वहरूको नाममा स्थापना भएका प्रतिष्ठान वा संस्थाहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी संक्षिप्त मापदण्ड, २०७९ बमोजिम ११ वटा क वर्गलाई १ करोड २० लाख र ख वर्गलाई ७५ लाखका दरले जम्मा ३३ वटा प्रतिष्ठान वा संस्थाहरूलाई रू २९ करोड ७० लाख अनुदान रकम निकासा गरिएको।

# मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठक (२०७९/४/२३) को निर्णयहरुको प्रगति स्थिति

| निर्णय | कार्य प्रगति |
|---|---|
| आर्थिक वर्ष २०७८/७९ को चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षाका आधारमा आर्थिक वर्ष २०७९/८० को नीति कार्यक्रम र वजेट कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गर्न हासिल गर्नुपर्ने लक्ष्य निर्धारित समयमानै हासिल गर्ने गरी कार्यसम्पादन गर्ने, गराउने। साथै, सोको आवधिक प्रगति प्रतिवेदन नियमित रुपमा मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन शाखामा गर्ने। | नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को नीति कार्यक्रम तथा बजेट कार्यक्रम कार्यान्वयन कार्ययोजना एवम् मन्त्रालयको कार्यसम्पादन सूचक (१५ वटा) स्वीकृत गरी सोको नियमित प्रगति प्रतिवेदन गर्ने गरिएको। |
| पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमतर्फ सृजित दायित्व रु ३ अर्व ७४ करोड ९७ लाख ६ हजार ३ सय २२ रुपैया रहेको र चालु आर्थिक वर्षमा ९० करोड २९ लाख रकम मात्रै बजेट विनियोजन भएकाले नपुग रकम व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग समन्वय गरी कार्यक्रम निरन्तरताका लागी राष्ट्रिय विकास समस्या समाधान समिति समक्ष पेश गर्ने। | चालु आर्थिक वर्षमा विनियोजित बजेट ९० करोड २९ लाख रकम मध्ये ९० करोड २८ लाख ४७ हजार ८ सय ४४ रकम कार्यप्रगतिका आधारमा सम्बन्धित ११३ वटा स्थानीय तहमा रकम निकासा भएको र दायित्व बाँकी रहेको रकम अर्थ मन्त्रालयमा माग गरी लेखी पठाइएको। |

# मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठक (२०७९/४/२३) को निर्णयहरुको प्रगति स्थिति

| निर्णय | कार्य प्रगति |
|---|---|
| मन्त्रालयको समग्र वेरुजु फछ्र्यौंटको अवस्था सन्तोषजनक नभएकाले सोको सुधारका लागि मन्त्रालयको आर्थिक व्यवस्थापन शाखाले मातहतका निकाय र प्रदेश अन्तर्गतका पर्यटन सम्बन्धी कार्यालयहरुबाट वेरुजुको लगत संकलन गर्ने र फछ्र्यौंटको लागि लेखि पठाउने। | • मन्त्रालयको च.नं. २३ मिति २०७९/५/१५ को पत्रबाट पर्यटन विभागलाई वेरूजु लगत एकीन गरी फर्छ्योटको कारवाही गर्नका लागि समेत अनुरोध गरी पठाइएको।<br>• पशुपति क्षेत्र विकास कोष र पर्यटन विभाग लगायतका निकायहरूसँग बेरूजु फछ्र्यौंट सम्बन्धमा बैठक बसी बैठकको निर्णयानुसार बेरूजु संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको।<br>• मन्त्रालय अन्तर्गतका निकायहरूलाई त्रैमासिक निकासा गर्दा तोकिएको न्यूनतम बेरूजु फछ्र्यौंटको प्रतिवद्धता गराई मन्त्रालयबाट बजेट निकासा गर्ने गरिएको। |

# राष्ट्रिय विकास समस्या समाधान समितिमा लैजानुपर्ने विषय र छलफल


धन्यवाद